नेपाल सरकार

# विज्ञापन बोर्ड

काठमाडौं

(छाप: नेपाल सरकार विज्ञापन बोर्ड बबरमहल, काठमाण्डौं)

प.सं. :- ०८०/८१
च.नं. :- ५६

मिति :- २०८०/०५/२९

**विषयः २०८० साल असोज महिनाको लागि लोककल्याणकारी विज्ञापन पठाइएको।**

श्री सम्पादकज्यू/प्रकाशकज्यू/सञ्चारगृह
आ.व. २०७७/२०७८ को वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व. २०७७/७८ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८० साल असोज महिनामा संलग्न बमोजिमका विज्ञापन प्रकाशनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहायबमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ। सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको रकम भुक्तानी नहुने व्यहोरा समेत अनुरोध छ।

तपसिलः

१. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८० साल असोज महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशन गर्नु हुन।

२. विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहराइकन फरक फरक विज्ञापन प्रकाशन गर्नुहुन अर्थात महिना भरीमा एउटा विज्ञापन एक पटक मात्र प्रकाशन गर्नुहुन।

३. असोज महिनाको विज्ञापन प्रकाशन गरेपछि विज्ञापन प्रकाशन गरिएका पत्रपत्रिका र बील असोज महिनामा नै वा कार्तिक महिनाको ७ गतेभित्र अनिवार्यरुपमा बोर्ड/हुलाक निर्देशनालय/कार्यालयमा पेश गर्नुहुन।

४. संविधान दिवस सम्बन्धी विज्ञापन असोज २,३ र ४ गते प्रकाशन हुने प्त्रपत्रिकामा प्रकाशन गरिदिनुहुन।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dinesh luitel
dinlui311@gmail.com

.........................................
(दिनेश लुईटेल)
शाखा अधिकृत

बोधार्थः
श्री हुलाक निर्देशनालय, मोरङ्ग, कास्की, सुर्खेत, डोटी ।
श्री सबै जिल्ला हुलाक कार्यालयहरु, ललितपुर र भक्तपुर बाहेक। ।



CamScanner

# पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

## लम्पी स्किन रोगका लक्षणहरुः

- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने।
- छालामा गिर्खा/गाँठाहरु देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने।
- नाक,मुख, कल्चौडा र थुनमा घाऊ हुने।
- आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने।
- खुट्टा जोर्नि सुनिने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
- ज्वरो आएको पशुलाई आराम गराऔं।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिंगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
- पशुचिकत्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# स्तनपानः बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।**

त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# नागरिकको कर्तव्य पूरा गरौं, भ्रष्टाचार र अनियमितता बिरुद्धमा उजुरी गरौं।

- घुस लिने र दिने दुवै अपराधी हुन्।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं।

**तसर्थ:**

- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिऔं।
- विकास निर्माणका आयोजनाहरूमा प्राविधिक परीक्षण गराऔं।
- सार्वजनिक खरिद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# हेलो सरकारले के गर्छ?

- सार्वजनिक निकायमा हुने भेदभाव, वञ्चिती, सेवा प्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्काबारे नागरिकका गुनासा सुन्छ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरुमा निर्देशनसहित पठाउँछ।
- गुनासोउपर कारवाही भए नभएको नियमित ताकेता ।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ।

त्यसैले,

आफूलाई परेको पीरमर्का तथा गुनासो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं

नेपाल सरकार

विज्ञापन बोर्ड

# हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं।

## सार्वजनिक स्थल वा निकायमा:

- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं।

हेलो सरकारको निशुल्क टेलिफोन नम्बर १११९ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# संविधान दिवस, २०८० भव्य रुपमा मनाऔं।

संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं। घर तथा कार्यालयमा दीपावली गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता ,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था.
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं

## एक-अर्काको धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।

## एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# बालअधिकारप्रति संवेदनशील बनौं।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड